# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

☎:०५६-५५००१५


प.सं. ०७५/०७६
च.नं. १६९९

मिति: २०७५।११।२९

## प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन २०७५ चैत्र महिना भित्र निवेदन दिने बारेको

## अत्यन्त जरुरी सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सुरुवात गरेको प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि उक्त कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा प्रकाशित सुचना बमोजिम आगामी आर्थिक वर्ष २०७६/७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिना भित्र आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिने व्यवस्था भएकोले यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने इच्छुक व्यक्तिले वडा कार्यालयबाट निवेदन फारम प्राप्त गरी निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बेरोजगार दर्ताका लागि दिने निवेदनको ढाँचा सबै वडा कार्यालयहरुमा पठाइएको हुँदा उक्त कार्यक्रमको सम्बन्धमा आ-आफ्नो वडामा प्रचार प्रसार गरी २०७५ चैत्र महिना भित्र पर्न आएका आवेदनहरु संकलन गरी २०७६ बैशाख ५ गते भित्र एकमुष्ट रुपमा यस नगरपालिकामा पठाइदिनु हुन प्रत्येक वडा कार्यालयहरुलाई सूचित गरिन्छ ।

०७५।११।२९

मिठाराम हुमागाई
प्रमुख प्रशासकीय अधिकृत